लिखु तामाकोशी गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

**धोबीबजार, रामेछाप**

बागमती प्रदेश, नेपाल

## प्राविधिक सहायक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२६**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/०७८ च.नं. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस लिखु तामाकोशी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस दिनभित्र **"गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया", २०७६** को परिशिष्ट-२ बमोजिम रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्नु हुन यसै गाउँकार्यपालिकाको मिति २०७७/०६/१८ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**माग गरिएको पदः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | करार अवधि | न्यूनतम योग्यता | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह वा सो सरह | २०७८ आषाढ मसान्तसम्म | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह वा सो सरह उत्तीर्ण गरेको । | १ (एक) | स्थानीय र सम्वन्धित क्षेत्रको कार्य अनुभव तथा अधिकतम भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ । |

**१. अनुभव र सीप :** प्राविधिक सहायकका देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तिमा ३ (तीन) महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने,
- आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ (छ) महिनाको अनुभव भएको ।

**२. उमेर :** दरखास्त दिने अन्तिम मिति सम्ममा कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

**३. दरखास्त दिने स्थान :** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय धोबीबजार, रामेछाप ।

**४. दरखास्त दिने अन्तिम मिति :** २०७७/०७/२५

**५. आवेदन दस्तुर :** रु.५००।- (अक्षरुपी पाँच सय मात्र) यस लिखु तामाकोशी गाउँपालिकाको नेपाल इन्भेस्टमेन्ट बैंक, लिखु तामाकोशी शाखा, धोबीबजार, रामेछापमा रहेको आन्तरिक राजस्व खाता नं. ०७००१४००२५००१६ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

**६. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, सेवा तथा कम्प्युटर सम्बन्धी लिखित परीक्षा ।

**७. परीक्षा मिति :** २०७७/०८/०८ गते

**८. आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपिहरु

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
- चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,
- कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि तथा अन्य आवश्यक कागजातहरुको प्रतिलिपि र
- दुई प्रति पासपोर्ट आकारको फोटो

**९. सेवा सुविधा : "गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया", २०७६** को दफा (११), (१२) र (१३) को बमोजिम हुनेछ ।

**१०. पदले सम्पादित गर्नु पर्ने कार्य विवरण : "गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया", २०७६** को दफा ९ बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछ ।

**नोट :** दरखास्त फाराम, पाठ्यक्रम तथा **"गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया", २०७६** लिखु तामाकोशी गाउँकार्यपालिकाको website : www. Likhumunramechhap.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**